राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १३० | २०८२ माघ १० गते शनिवार | (Saturday, 24 Jan., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

प्रतिनिधिसभा निर्वाचन

## देशभर ४९ जनाले लिए उम्मेदवारी फिर्ता




**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ९ गते ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दिएका मध्ये देशभर ४९ जनाले आफ्नो उम्मेदवारी फिर्ता लिएका छन् । शुक्रबार निर्वाचन आयोगको कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले देशभर ३ हजार ४८७ उम्मेदवारले मनोनयन गराएकोमा ४९ जना उम्मेदवारी फिर्ता लिएको जानकारी दिएका हुन् ।


उनले भने, 'तोकिएको अवधिमा १६५ निर्वाचन क्षेत्रमा ६८ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसमेत गरी ३,४८७ मनोनयन पत्र दर्ता भएका थिए । दर्ता उम्मेदवारीमध्ये महिला ३९६, पुरुष ३,०९० र अन्य १ जना रहेका छन् । शुक्रबार निर्धारित समयभित्र ४९ जना उम्मेदवारहरुले आफ्नो नाम फिर्ता लिएका छन् ।'

उनले माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको पनि जानकारी दिए ।

त्यस्तै समानुपातिकतर्फ बन्दसूचीमा रहेका उम्मेदवारहरुको नामावली प्रकाशन, दावी विरोध संकलन लगायतका कार्य र समानुपातिकतर्फको मतपत्र छपाई, मतदाता नामावाली छपाई लगायतका कार्यहरु सञ्चालन भएको पनि उनले बताए ।

उनले भने, 'माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ भने फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत माघ १ गतेदेखि ९ गतेसम्म पहिलो हुने निर्वाचित हुनेतर्फको मनोनयन पत्र दर्ता, उम्मेदवार उपर दावी विरोध र छानबिन, उम्मेदवारी फिर्ता लगायतका कार्य सम्पन्न भएका छन् । त्यस्तै समानुपातिकतर्फ बन्दसूचीमा रहेका उम्मेदवारहरुको नामावली प्रकाशन, दावी विरोध संकलन लगायतका कार्य र समानुपातिकतर्फको मतपत्र छपाई, मतदाता नामवाली छपाई लगायतका कार्यहरु सञ्चालन भएका छन् ।'

## जलेको अवस्थामा महिलाको शव फेला



**द पब्लिक टुडे समाचारदाता**
**सिरहा, माघ ९ गते ।**
सिरहाको मिर्चैयामा बेवारिसे अवस्थामा एक महिलाको जलेको शव फेला परेको छ । मिर्चैया नगरपालिका-७ स्थित छघरे बस्तीबाट करिब एक किलोमिटर उत्तरतर्फ पर्ने टेना खोलामा शव फेला परेको हो । स्थानीय बासिन्दाले खोलामा जलेको शव देखेपछि तत्काल इलाका प्रहरी कार्यालय मिर्चैयालाई खबर गरेका थिए ।

सूचनापछि प्रहरी टोली घटनास्थलमा पुगेर शव नियन्त्रणमा लिई आवश्यक प्रक्रिया अघि बढाएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक (एसपी) अनन्तराम शर्माले जानकारी दिए ।

एसपी शर्माका अनुसार शव लामो समयअघि खोलामा फालिएको आशंका गरिएको छ । शवको तल्लो भाग हड्डी मात्र बाँकी रहेको छ भने माथिल्लो भाग आंशिक रूपमा जलेको अवस्थामा फेला परेको छ ।

साथै, शरीरका विभिन्न स्थानमा दागहरूसमेत देखिएको उनले बताए । यी प्रारम्भिक अवस्थालाई हेर्दा महिलाको हत्या गरी शव जलाएर खोलामा फ्याँकिएको हुन सक्ने प्रहरीको आशंका छ ।

हालसम्म मृतक महिलाको पहिचान खुल्न नसकेको र घटनाबारे विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । शवको पोस्टमार्टम रिपोर्ट आएपछि मात्र थप विवरण खुल्ने एसपी शर्माले बताए ।

प्रहरीले घटनास्थल आसपासका स्थानीय बासिन्दा तथा सम्भावित साक्षीहरूसँग सोधपुछ गरिरहेको छ ।

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
**९८०२३२८८०, ९८१४८३५५४२, ९८१२०४८५६६**

## एकता अभियानमा सामेल हुन एमालेलाई प्रचण्डको अपील

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ९ गते ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले नेकपा (एमाले)लाई पनि आफ्नो पार्टीसँग एकता गर्न आह्वान गरेका छन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले मुलुकलाई संकटबाट जोगाउनका लागि राष्ट्रिय शक्ति आवश्यक रहेको र त्यसका लागि सबै वामपन्थी, कम्युनिष्ट र लोकतान्त्रिक शक्तिहरुबीचको एकता जरुरी रहेको बताएका हुन् । उनले मुलुकलाई संकटबाट जोगाउनका लागि आफूहरुले पार्टीहरुबीचको



एकता अभियानलाई तीव्रता दिएकोसमेत बताए । उनले मुलुकमा प्रतिक्रियावादीहरुको चलखेललाई रोक्न पनि सबै देशभक्तहरुले एकताबद्ध भएर अघि बढ्नुपर्ने अवस्था आएको बताए ।

उनले भने,'राष्ट्रिय शक्ति निर्माणको यो महाअभियानमा सामेल हुन म एमालेलाई अपील गर्न चाहन्छु । हामी सबैका लागि राष्ट्रभन्दा ठूलो अरु केही पनि छैन । राष्ट्र संकटमा छ । नेपाली जनताको एकताले मात्रै मात्रमै मुलुकको राष्ट्रियतालाई सुदृढ गर्न सकिन्छ । वामपन्थी र कम्युनिष्टको एकताले नै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न सक्दछ ।'

## निर्वाचन सफल पार्न सरकारले सबै शक्ति लगाएको छ : प्रधानमन्त्री कार्की

**काठमाडौं** : प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन सफल बनाउन सरकारले सबै शक्ति लगाएको बताएकी छन् ।

शुक्रवार सशस्त्र प्रहरी प्रधान कार्यालयमा आयोजित सशस्त्रको २५ औँ स्थापना दिवस तथा रजत महोत्सव समारोहमा प्रधानमन्त्री कार्कीले भनिन्, 'निर्वाचन सफल पार्न सरकारले सबै शक्ति लगाएको छ ।'

निर्वाचनमा एक थोपा पनि रगत बग्नु नहुने र कोही पनि घाइते नभइकन निर्वाचन सम्पन्न हुनुपर्ने कार्कीले बताइन् । उनले भनिन्, 'चुनावमा एक थोपा पनि रगत बग्नु हुँदैन, कोही पनि घाइते हुनु हुँदैन ।'

कठिन भौगोलिक अवस्था र प्रतिकुल परिस्थितिमा पनि राष्ट्र सेवामा सक्रिय रहनु सशस्त्रको पहिचान रहेको प्रधानमन्त्रीले बताइन् ।

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाईराख्न आगो ताप्ने, हिटर बाल्ने गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं ।

१. हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं ।
२. कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं ।
३. आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री नजिकै नराखौं ।
४. आगो तापी सकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं ।
५. हिटरको प्रयोग गर्दा समय समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं ।
६. सुत्नु अघि अनिवार्य रुपमा हिटर निभाउने गरौं ।
७. गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुल्ला ठाउँमा जडान गरौं ।
८. होसियारी अपनाउँदा गपनाउँदै पनि अप्रिय घटना भएमा नआत्तिकन १०० प्रहरी र १०२ मा एम्बुलेन्सलाई कल गरौं ।

जनहितका लागि

**एकडारा गाउँपालिका**
एकडारा, महोत्तरी

कविता

# किन चाहियो विकास ?



***

प्रतिष्ठा पौडेल
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

म हिड्दा बाटोमा जाम छैन
कतै खाल्डाखुल्डी छैनन्
त्यसैले किन चाहियो विकास?

रातो कार्पेटमा टेकेको छु,
कहाँ छ हिलो, गाडीको सिसाबाट हावा खाएको छु
कही धुलो छैन, किन चाहियो विकास ?

प्यास मेटाउन मिनिरल वाटर खाएकै छु
धारामा पानी नआउँदा जारको पानीले नुहाएकै छु
त्यसैले अब किन चाहियो विकास?

जता ततै घुम्न जान पाएकै छु
बाटो नभएको ठाउँमा हेलिकप्टर चढेर गएकै छु
अनि किन चाहियो विकास?

त्यसैले नचाहिएको विकास किन देख्नु पर्यो र ?
यहाँ विकास भयो, यहाँ विकास भएन भनेर यसको समाचार किन लेख्नु पर्यो र ?

कविता

# सुनौलो बिहानी



***

स्मृति कुमारी माली
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

अन्ध विश्वास चिर्न सक्ने आँट देऊ आमा
अत्याचार तोड्न सक्ने बल देऊ आमा
तन मन सबै देऊ देश हाँक्न सक्ने
हात,साथ पनि देऊ सबै बाँच्न सक्ने।

हामी आफ्नो करेसामा खेती गर्न सकौं
झार हटाई रङ्गीचङ्गी फूल रोप्न सकौं
हिमालको हाँसो जस्तै हामी हाँस्न सकौं
अनेक थरी बाजा बजाई हामी नाँच्न सकौं।

हामी सबै गीत गाऔँ मादलुको तालमा
किताब र कलम बोकी हिडौं एकै सारमा
सभ्यताको साँचो ज्ञान दिनु हामी लाई
तब मात्र फुल्छ जीवन नौलो बिहानी आई।

कविता

# जीवनसाथी



***

आरती काफ्ले
जनता साहित्यिक मञ्च गौरिडाँडा
बर्दिवास, महोत्तरी

जीवनमा भरिपूर्ण माया दिनुपर्छ
जिन्दगीको विश्वासिलो पात्र बन्नु पर्छ
अतितका पानाहरु बिर्सिदिनु पर्छ
तब मात्र यो जिन्दगी अमररत्न बन्छ।

अब हामी जीवनमा असल साथी बनौं
गुम्सिएका तितामिठा कुरा सब भनौं
हातेमालो गर्नु पर्छ गन्तव्यमा पुग्न
अनि मात्र सकिने छ जिन्दगीमा रम्न।

जिन्दगीको गोरेटोमा हुने दुःख सुख
हटाउन सकिने छ हुँदा एक जुट
गर्नु पर्छ अवश्य आँट सुखी जीवनमाथि
विश्वको नमुना बन्न सकौं हामी जीवनसाथी।

कविता

# हृदयको भाका



***

शौरभ शर्मा
शिक्षक, जनता मावि गौरिडाँडा
बर्दिवास, महोत्तरी

पियारी तिम्रो नयन बोल्छ दिएको कविता
सुनाऊ तिम्रा गुम्सेका कथा त्यो दिल भित्रका
मुहारको हाँसो ठहरियो झुटो गहको आँसुमा
यौवनसँगै नजरले तान्यो मनको व्यथामा।

गहभरि आँसु राख्या छु आफ्नो नितम्ब सिरानी
औंसीको जुन झैं हन्छेउ ओझेल भयौ नि बिरानी
अँध्यारो हुन्छ आकाश पनि नजिस्क्याउ मलाई
भावना मेरो गन्तव्य तिमी अँगालो बेरौं कि?

मुटुमा माया फुकाल्छ गाँठो बग्दछ भावना
प्रत्येक साँझ सुनौलो घाम झैं तिम्रै छ सम्झना।
भावना मेरा भमरा जस्तै फूलको मोहनी
नयनको नसा मुटुमा बास गाजलु करौती ।

यौवन बैंस फक्रँदो गाला अधर गुलाबी
सुवास छर्दै मुहार जुन झैं आउँछ सुनामी
मोहनी लाग्यो आँखाले हेर्दा रुपको सादगी
हृदय छुने कोइली बोली आकृति नागबेली।

मायाले मेरो आँसुमा तिम्रो मुहार पोतुँला
यौवन हो फूल फुलेर ढाक्छन् बैंसको बगैंचा
नयन मेरो तस्वीर तिम्रो हे मेरी कस्तुरी
अनन्त माया सम्झना तिम्रो रहन्छ युगभरि।

कविता

# नाँक महिमा



***

एमबी खड्का

म सँग दौडिरहेको एउटा नाक छ
I HAVE A RUNNING NOSE
छेवैमा भिजेको एउटा रुमाल छ
जो कहिले प्रियाको आँसु बोक्छ
र बोक्छ कहिले नाकको बिसर्जन
यस्तो लाग्छ- नाक र रुमालको
आदिम साइनो छ

सानो छँदा
जब स्कुलको बार्सिक परीक्षाको नतिजा आँउथ्यो-
बा भन्नुहुन्थ्यो-
स्याबास छोरा कुलको नाक राखिस
बा ले पिठ्युँमा धाप दिन्थे
अघिल्तिर नाक फुलेर ...यत्रो हुन्थ्यो

बा भन्नुहुन्थ्यो-
कुलको नाक काट्ने काम कहिले नगरेस
म निहुरमुन्टी "न" मुद्रामा हुन्छ भन्थें
नाक कटाउनु हुन्न-
नत्र चस्मा अड्याउन ठाउँ हुन्न
भन्ने मलाई थाह थियो

आज त्यही नाँक भागीरहेछ कतै-
आई ह्याभ अ रनिङ नोज...

सूचना, समाचार र मनोरञ्जनका लागि
सामुदायिक रेडियो दर्पण
८८.४ मेगाहर्ज
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

कविता

# हद



***

सुमित्रा आचार्य
लालबन्दी, सर्लाही

सजाइएको मङ्गलसुत्र
कस्सियो भने घाँटीमा
सक्छ पुग्न
अदालतका फाइनलसम्म
दाम्पत्य,
सुरक्षार्थ पहिरिएका वस्त्र
कस्सिए भने शरीरमा
सक्छ नाघिन
अश्लीलताको पराकाष्ठा,
कस्सिए भने
हृदयका झङ्कार
नसक्ने गरी आपसमा फुक्न
सक्छ मुस्कुराउन
प्रेमिल मुस्कानका बदला
ओठमा डिप्रेसनको चक्की,
जसरी
पशुको घाँटीमा
कस्सियो भने दाम्लो
परिणत हुन सक्छ
मृत्युमा जीवन।
र त,
नाघिएपछि हद
उस्तै लागेर पनि शब्द
भिन्न हुन पुग्छन् परिणाम,
बाँधिनु र कस्सिनु जस्तै
मर्यादा र मृत्यु जस्तै ॥

कविता

# डरलाग्दा नेताहरु



***

बिर्ख क्षेत्री

नेताजी !
हरेक साँझ बिहान हजुरको याद आओस् ।
यादसँगै श्रद्धाको बाफ आओस् ।
र त्यही बाफले,
माघको ठिहीमा पनि आङ तातो बनाओस् ।

तर:
हजुरको छायाँ सम्झिने बित्तिकै,
त्यसै त्यसै डर लागेर आउँछ ।
चैतको मध्यान्हमा पनि,
दिन अँध्यारो भएर आउँछ ।
हजुरको विरुद्धः
न मैले कतै कालो बोको भाकल गरेको छु ।
न चियामा हरिताल मिसाउने कल्पना गरेको छु ।
न गाडी लडाउन सडकमा काँटी ठोक्ने सोचेको छु ।
न मतपेटिका जलाउन सलाई बोकेको छु ।
न गाउँबाट चारपाटा मोडिनुपर्ने पाप गरेको छु ।
न त जेल जानुपर्ने कुनै अपराध गरेको छु ।
र पनि,
मनमा कति कति उत्साह उठ्दा उठ्दै,
हृदयमा कति कति सिर्जना उम्रिँदा उम्रिँदै,
चित्तमा कति कति विद्रोहको धुवाँ उड्दा उड्दै,
र दिमागमा कति कति तथ्य र तर्क हुँदाहुँदै,
तपाईंको पक्षमा,
फेसबुक लाइक गर्न समेत हात कामेर आउँछ ।

नेताजी !
हाम्रो एउटै टोल र दौंतरी भएर पनि,
हजुर किन यति डरलाग्दो हुनुभो ?
म किन यति कायर भएँ ?

# लोकसेवा परीक्षाको तयारी सामग्री

**धीरेन्द्र कुमार महतो**
प्रस्तुतकर्ता



**१. ३५ औं अफ्रिका कप अफ नेसन्स (AFCON) २०२५ कहिलेदेखि कहिलेसम्म आयोजना भयो?**
A. २०२५ जनवरी १० - फेब्रुअरी १०
B. २०२५ डिसेम्बर २१ - २०२६ जनवरी १८
C. २०२६ जनवरी ५ - फेब्रुअरी ५
D. २०२५ नोभेम्बर १५ - डिसेम्बर १५
सही उत्तर: B) २०२५ डिसेम्बर २१ - २०२६ जनवरी १८

**३५ औं अफ्रिका कप अफ नेसन्स (AFCON) - २०२५**

- ❖ **आयोजना कहिले भयो ? :** २०२५ डिसेम्बर २१ देखि सन् २०२६ जनवरी १८ सम्म
- ❖ **विजेता टोली:** सेनेगल
- ❖ **उपविजेता टोली:** मोरक्को
- ❖ **कति औं संस्करण हो ? :** ३५ औं
- ❖ **फाइनल खेलको मिति:** २०८२ माघ ५ गते (सन् २०२६ जनवरी १८)
- ❖ **आयोजना स्थल:** रबात, मोरक्को (९ स्टेडियम, ६ शहरमा खेलहरू)
- ❖ **टिम संख्या:** २४ टोली (ग्रुप स्टेज - नक्कआउट)
- ❖ **नतिजा:** १-० गोल अन्तरले सेनेगल विजयी (अतिरिक्त समयमा)
- ❖ **ऐतिहासिक उपलब्धि:** सेनेगलले प्रतियोगिताको पछिल्लो तीन संस्करणमा दोस्रो पटक उपाधि जितेको हो। यसअघि उसले सन् २०२२ मा इजिप्टलाई हराएर पहिलो पटक उपाधि जितेको थियो।
- ❖ **विजेताको इतिहास:**
  - २०२२ (पहिलो उपाधि): इजिप्टलाई पेनाल्टी सुटआउटमा हराउँदै।
  - २०२६ (दोस्रो उपाधि): मोरक्कोलाई १-० गोलले हराउँदै।
- ❖ **मोरक्कोको खडेरी:** मोरक्कोले पछिल्लो पटक सन् १९७६ मा यो प्रतियोगिता जितेको थियो।
- ❖ **टुर्नामेन्टको सर्वोत्कृष्ट खेलाडी (Player of the Tournament):** साडियो माने - सेनेगल (कप्तान)।
- ❖ **टप-स्कोरर :** ब्रहिम डियाज (Brahim Díaz, मोरोक्को) - ५ गोल
- ❖ **सर्वोत्तम गोलकिपर (Golden Glove):** यासिन बौन्नु (Morocco) - प्रतियोगिताको सर्वश्रेष्ठ गोलकिपर।
- ❖ **फेयर-प्ले अवार्ड (Fair Play Team):** मोरोक्को (CAF द्वारा फेयर-प्ले टोलीको रूपमा सम्मानित)
- ❖ AFCON २०२३ प्रतियोगिता २०२४ जनवरी-फेब्रुअरीमा आयोजना भएको थियो र आइभोरी कोस्टले फाइनलमा नाइजेरियालाई हराउँदै उपाधि जित्यो।

**२. ८३ औं गोल्डेन ग्लोब अवार्ड्स २०२६ मा 'उत्कृष्ट चलचित्र (ड्रामा)' विधाको उपाधि कुन चलचित्रले जितेको हो?**
क) One Battle After Another
ख) Hamnet
ग) The Secret Agent
घ) Sinners
सही उत्तर: ख) Hamnet

**८३औं गोल्डेन ग्लोब अवार्ड्स (Golden Globe Awards) - २०२६**

- ❖ मिति: सन् २०२६ जनवरी ११ (Monday, Jan 12 in Nepal time)
- ❖ स्थान: बेभर्ली हिल्स, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
- ❖ कार्यक्रम सञ्चालक (Host): कमेडियन निक्की ग्लेजर (Nikki Glaser)
- ❖ संस्करण: ८३औं

**<u>चलचित्र विधा (Motion Picture) का प्रमुख विजेताहरू:</u>**
-उत्कृष्ट चलचित्र (ड्रामा): Hamnet (ह्यामनेट)
-उत्कृष्ट चलचित्र (म्युजिकल वा कमेडी): One Battle After Another (वन ब्याटल आफ्टर एनदर)
*० (नोट: यो चलचित्रले उत्कृष्ट पटकथा र उत्कृष्ट निर्देशकको अवार्ड पनि जित्न सफल भयो।)*
-उत्कृष्ट निर्देशक: पल थोमस एन्डरसन (Paul Thomas Anderson) - One Battle After Another
-उत्कृष्ट अभिनेता (ड्रामा): वाग्नर मौरा (The Secret Agent)
-उत्कृष्ट अभिनेत्री (ड्रामा): जेसी बक्ली (Hamnet)
-उत्कृष्ट अभिनेता (म्युजिकल/कमेडी): तिमोथी चालमेट (Marty Supreme)
-उत्कृष्ट अभिनेत्री (म्युजिकल/कमेडी): रोज बर्न (If I Had Legs I'd Kick You)
-सिनेम्याटिक र बक्स अफिस एचिभमेन्ट: Sinners (सिनर्स)
-उत्कृष्ट एनिमेटेड चलचित्र: KPop Demon Hunters
-उत्कृष्ट गैर-अंग्रेजी भाषाको चलचित्र: The Secret Agent

**<u>टेलिभिजन विधा (Television) का प्रमुख विजेताहरू:</u>**
-उत्कृष्ट सिरिज (ड्रामा): The Pitt
-उत्कृष्ट सिरिज (म्युजिकल/कमेडी): The Studio
-उत्कृष्ट लिमिटेड सिरिज/टिभी चलचित्र: Adolescence
०(नोट: 'Adolescence' सिरिजले टेलिभिजन विधामा सर्वाधिक अवार्ड जित्दै दबदबा कायम गर्यो।)
-उत्कृष्ट पोडकास्ट (नयाँ विधा): Good Hang with Amy Poehler

**<u>पृष्ठभूमि र इतिहास (Background & History):</u>**
- स्थापना: गोल्डेन ग्लोब अवार्डको स्थापना सन् १९४४ मा भएको हो।
-टेलिभिजन समावेश: सुरुमा चलचित्रका लागि मात्र दिइने यो अवार्डमा सन् १९५६ देखि टेलिभिजन विधालाई पनि समावेश गरिएको हो।
-आयोजक: यो अवार्ड हलिउड फरेन प्रेस एसोसिएसन (HFPA) को पहलमा सुरु भएको हो, र यो ओस्कार (Oscar) पछिको प्रतिष्ठित अवार्ड मानिन्छ।

**३. राष्ट्रिय योग दिवस २०८२ का सम्बन्धमा कुन भनाइ गलत छ?**
१. विसं २०८२ को आदर्श वाक्य 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' रहेको छ।
२. नेपाल सरकारले २०७२ सालदेखि माघ १ लाई योग दिवस मनाउन सुरु गरेको हो।
३. यो दिवस असार ७ गतेको अन्तर्राष्ट्रिय योग दिवसको सट्टामा मात्र मनाइन्छ।
अ) १ मात्र गलत
आ) २ मात्र गलत
इ) ३ मात्र गलत
ई) सबै गलत
सही उत्तर: इ) ३ मात्र गलत (यो दिवस र अन्तर्राष्ट्रिय योग दिवस छुट्टाछुट्टै हुन्।)

**११ औं राष्ट्रिय योग दिवस २०८२**

- ❖ हरेक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाइन्छ।
- ❖ वि.सं. २०७२ माघ १ देखि मनाउन थालिएको हो ।
- ❖ वि.सं. २०७२ साउन २८ को मन्त्रीपरिषद् बैठकले माघ १ गतेका दिन राष्ट्रिय योग दिवस मनाउने निर्णय गरेको थियो ।
- ❖ वि.सं. २०८२ को नारा :वाक्य 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग'
- ❖ वि.सं. २०८१ को नारा : 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्वशान्तिका लागि योग'
- ❖ वि.सं. २०८० को नारा : " गरौं योग, रहौं निरोग"
- ❖ सन् २०१४ मा संयुक्त राष्ट्रसङ्घ महासभाले जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवस मनाउने घोषणा गरेको हो ।
- ❖ अन्तर्राष्ट्रिय योग दिवस कहिले मनाइन्छ ? : हरेक वर्ष जुन २१ मा

**४. विसं २०८२ मा मनाइएको २८ औं भूकम्प सुरक्षा दिवसको नारा के थियो?**
अ) भूकम्पबाट बच्न पूर्व तयारी
आ) सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल अबको जिम्मेवारी
इ) सुरक्षित पूर्वाधार, भूकम्पबाट सुरक्षा
ई) भूकम्पिय जोखिम न्यूनिकरण, हाम्रो अभियान
सही उत्तर: आ) सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल अबको जिम्मेवारी

**२८ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०८२**

- ❖ हरेक वर्ष माघ २ गते राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइन्छ।
- ❖ विसं १९९० माघ २ गते दिउँसो २:२४ बजे गएको भूकम्पको सम्झनामा यो दिवस मनाउने गरिन्छ ।
- ❖ वि.स.२०५५ सालदेखि मनाउन शुरुवात गरिएको ।
- ❖ वि.स. २०८२ मा २८ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइएको ।
- ❖ वि.सं. २०८१२०८२ को नारा : 'सबै तहका सरकार, सबै नागरिकको तयारी, भूकम्प उत्थानशील नेपाल अबको जिम्मेवारी'
- ❖ वि.सं. २०८१ को नारा : भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ'
- ❖ वि.स. २०८० को नारा : 'स्थानीय स्रोत र प्रविधि समेतको प्रयोग गरौं, भूकम्प थेग्ने संरचना बनाऔं'
- ❖ १९९० माघ २ मा ८.४ रेक्टर स्केल (अहिले सम्मकै ठुलो ) केन्द्रविन्दु : संखुवासभाको चैनपुर भूकम्प गएको थियो ।
- ❖ यस अघि वि.स.२०७२ बैशाख १२ मा ७.६ रेक्टर स्केलको भूकम्प गएको थियो ।
- ❖ विश्वमा सबैभन्दा ठुलो भूकम्प : १९६० मे २२ मा चिलीमा ९.०५ रेक्टर स्केलको भूकम्प गएको थियो ।


***अन्य भूकम्प सम्बन्धि जानकारी :***

- भूकम्प उत्पतिको भित्रि भागलाई : हाइपोसेन्टर
- भूकम्प उत्पतिको बाहिरि भागलाई : इपिसेंटर
- भूकम्प सम्बन्धि अध्ययन गर्ने शास्त्रलाई : सिस्मोलोजी
- भूकम्पको एकाइ : रेक्टर स्केल
- भूकम्पीय जोखिममा नेपाल : दोश्रो
- भूकम्पीय जोखिममा पहिलो स्थानमा : जापान
- पहिलो शहर जोखिमको हिसावले : काठमाडौं

**५. नेपालको गरिबीको अवस्थाबारे तलका तथ्याङ्क विचार गर्नुहोस्:**
१. ग्रामीण क्षेत्रमा गरिबीको दर २४.६६ प्रतिशत रहेको छ।
२. सहरी क्षेत्रमा गरिबीको दर १८.३४ प्रतिशत रहेको छ।
३. नेपालमा गरिबीको दरमा उल्लेख्य कमी आएको देखिन्छ।
अ) १ र २ मात्र ठिक
आ) १ र ३ मात्र ठिक
इ) २ र ३ मात्र ठिक
ई) १, २ र ३ सबै ठिक
सही उत्तर: ई) १, २ र ३ सबै ठिक

**६. 'राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम निर्देशिका, २०८२' का सम्बन्धमा निम्न भनाइ पढ्नुहोस्:**
१. यो निर्देशिका विसं २०८२ पुस ३ गते स्वीकृत भएको हो।
२. यसले २०७५ सालको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकालाई विस्थापित गरेको छ।
३. यस अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीलाई निरन्तरता दिइनेछ।
अ) १ र २ मात्र ठिक
आ) २ र ३ मात्र ठिक
इ) १ र ३ मात्र ठिक
ई) १, २ र ३ सबै ठिक
सही उत्तर: ई) १, २ र ३ सबै ठिक

**७. संयुक्त राष्ट्रसङ्घले सन् २०२६ मा विश्व अर्थतन्त्रको वृद्धिदर कति हुने प्रक्षेपण गरेको छ?**
अ) २.५ प्रतिशत
आ) २.७ प्रतिशत
इ) ३.२ प्रतिशत
ई) ४.० प्रतिशत
सही उत्तर: आ) २.७ प्रतिशत



# जनता साहित्यिक मञ्चको २१औँ साहित्य शृंखला सम्पन्न

**नारायण घिमिरे**
**बर्दिबास, माघ ९ गते ।**
महोत्तरीको बर्दिबासस्थित रहेको जनता साहित्यिक मञ्च गौरीडाँडाको २१औँ साहित्य शृङ्खला सम्पन्न भएको छ । मञ्चको माथिल्लो सदनले आयोजना गरेको २१ औँ नियमित साहित्य शृङ्खला यस मञ्चका अध्यक्ष प्राची सुवेदीको अध्यक्षतामा सम्पन्न भएको हो ।

यस मञ्चकी सचिव रेवती कार्कीले (दिलिसा) सञ्चालन गरेको उक्त कार्यक्रममा उपस्थिति सम्पूर्णलाई मञ्चकी उपाध्यक्ष विद्या साहले स्वागत मन्तव्य राखेकी थिइन् ।

कार्यक्रममा विभिन्न लयका कविता र गजल वाचन गरिएका थिए । सिर्जना वाचन गर्नेहरूमा स्वेच्छा महतो, विद्या साह, होम बहादुर कार्की, सुजिना आपगाइ, जिज्ञासा बैजु , दिलिसा कार्की, रामचन्द्र पौडेल, रितिशा अर्याल, कृषव पौडेल रितिका यादव लगायतले वाचन गरेका थिए । कार्यक्रममा रामचन्द्र पौडेलले विद्यार्थी भाइबहिनीहरुलाई साहित्यप्रति रुचि जगाउँदै प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले स्थापना गरिएको साहित्य मञ्च अगाडि बढिरहेकोमा प्रशंसा गरे । विद्यार्थीको अनुशासन, सक्रियता, निरन्तरता, सिर्जनात्मक क्षमता साहित्यप्रतिको रुचि र झुकावलाई अध्ययन गरेर नेतृत्व प्रदान गरिने भएकोले त्यसलाई मध्यनजर गर्दै अगाडि बढ्न पौडेलले अनुरोध गरे ।




# महोत्तरीका चार क्षेत्रमा १३९ उम्मेदवार कायम

**महोत्तरी, माघ ९ गते ।**
आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरी जिल्लामा १३९ उम्मेदवार कायम भएका छन् । गत मङ्गलबार मनोनयनपत्र दर्ता गरेका १४३ जनामध्ये शुक्रबार चार जनाले उम्मेदवारी फिर्ता लिएपछि १३९ उम्मेदवार कायम भएका हुन् ।



जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय जलेश्वरका अनुसार यहाँ चार वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र छन् । तीमध्ये क्षेत्र नं १ बाट दुई, क्षेत्र नं ३ र ४ बाट एक/एक गरी चार जनाले उम्मेदवारी फिर्ता लिएका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले जानकारी दिए । उम्मेदवारी फिर्ता लिने चारै जना स्वतन्त्र उम्मेदवार हुन् ।

जिल्लामा क्षेत्र नं १ मा पाँच महिलासहित २५, क्षेत्र नं २ मा पाँच महिलासहित ३७, क्षेत्र नं ३ मा दुई महिलासहित ४१ र क्षेत्र नं ४ मा सात महिलासहित ३६ जनाको उमेद्वारी रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

उम्मेदवारको अन्तिम टुङ्गो भएसँगै शुक्रबार सबैलाई निर्वाचन चिह्न प्रदान गरी अन्तिम सूची प्रकाशन गरिएको मुख्य निर्वाचन अधिकृत अधिकारीले बताए ।

अन्तिम नामावली प्रकाशन भएअनुसार अब ८३ जना स्वतन्त्र र ५६ जना विभिन्न राजनीतिक दलका उम्मेदवार मैदानमा प्रतिस्पर्धा गर्दै छन् ।

दलका लागि निर्वाचन चिह्न पहिलेदेखि तय रहे पनि स्वतन्त्र उम्मेदवारले भने शुक्रबार निर्वाचन चिह्न पाएका हुन् । निर्वाचन चिह्न प्राप्त गरेपछि अब उम्मेदवारले विधिवत चुनाव प्रचार सुरु गरेका छन् । रासस


## ढल्केवर बचत तथा ऋण सहकारी संस्था लि.

**मिथिला न.पा.–६, ढल्केवर, धनुषा**

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस संस्थाको संचालक समितिको बैठक मिति २०८२।१०।०२ गते बैठकको निर्णय अनुसार यस संस्थामा व्यवस्थापक पदको कर्मचारी आवश्यक्ता रहेकोले उक्त पदपुर्ति गर्न तपसिल बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुलाई दरखास्त आह्वान गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | माग पद संख्या | पद | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | ०२/२०८२/०८३ | १ | व्यवस्थापक | मान्यता प्राप्त शैक्षिक संस्था बाट व्यवस्थापन वैकिङ वा वित्तिय विषयमा स्नातक उर्तिण वा सो सरह उर्त्तिण, |

२. उमेर : २० वर्ष पुरा भई ४५ वर्ष न नाघेको हुनुपर्ने ।
३. परिक्षा :- लिखित, मौखिक र प्रयोगात्मक
४. अनुभव : सहकारी, वित्तिय संस्थामा अनुभव प्राप्त भएको
५. सवारी चालक अनुमति पत्रलाई विशेष प्राथमिकता दिइने छ ।
६. स्थानियलाई बिशेष प्राथमिकता दिइने छ ।
७. कर्मचारीको पारिश्रमिक संस्थाको नियम अनुसार वा आपसी समझदारीमा हुनेछ ।
८. दरखास्त मिति : २०८२।१०।०६ गते देखि २०८२।११।०५ गते सम्म ।
९. दरखास्त दिने स्थान: कार्यालय समय भित्र, संस्थाको कार्यालयमा,
१०. कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान भएको सोको प्रमाण पत्र प्रतिलिपी
११. **आवेदकले पेश गर्नुपर्ने कागजातहरु :-** शैक्षिक प्रमाणपत्र, वायोडाटा, अनुभव पत्र र ना.प्र.१ प्रति, फोटो १ प्रति निवेदन आदि ।

सम्पर्क नं. पवन कुमार गुप्ता (९८०४८८७३२९)

रामचन्द्र महतो
अध्यक्ष
९८२४८८२२२४


# उम्मेदवारी खारेजीविरूद्ध रेशम चौधरी सर्वोच्चमा

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ ९ गते ।**
आफ्नो उम्मेदवारी खारेजी गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध नागरिक उन्मुक्ति पार्टी, नेपालका अध्यक्ष रेशमलाल चौधरी सर्वोच्च अदालत पुगेका छन् ।

निर्वाचन अधिकृतले गैरकानुनी रुपमा आफ्नो उम्मेदवारी रद्द गरेको भन्दै चौधरीले निर्वाचन अधिकृतको कार्यालय, कैलाली क्षेत्र नम्बर २ का निर्वाचन अधिकृतको निर्णय बदर हुनुपर्ने माग गरेका हुन् ।



उनले आफ्नो उम्मेदवारी यथावत रहनुपर्ने र निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउनुपर्ने माग समेत गरेका छन् । उनको निवेदनमाथि आगामी आइतबार सर्वोच्च अदालतमा प्रारम्भिक सुनुवाइ हुनेछ ।

जन्मकैदको सजाय पाएर राष्ट्रपतिबाट माफी मिनाह भए पनि कसुर र कैदको अभिलेख हुने भन्दै निर्वाचन अधिकृतको कार्यालयले चौधरीको उम्मेदवारी रद्द गरेको थियो । उनले कैलाली-१ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिएका थिए ।


## कर्मचारी आवश्यकता

मधेश प्रदेशको न्यमि क्तबच कम्पनीको जुत्ता चप्पलको अधिकृत विक्रेता S.B.Sales and Suppliers बर्दिवासका लागि केही कर्मचारी आवश्यकता भएको हुनाले इच्छुक व्यक्ति तुरुन्त सम्पर्क राख्नुहोला ।

| | | | |
|---|---|---|---|
| पद | : सेल्स मार्केटिङ्ग | पद | : स्टोर किपर |
| संख्या | : १ जना (पुरुष) | संख्या | : १ जना (पुरुष) |
| योग्यता | : +२ उत्तिर्ण | योग्यता | : +२ उत्तिर्ण |

**तलब :** आपसी सम्झदारीमा तय गरिनेछ ।
**नोट :** मोटरसाईकल लाईसेन्स भएको, सम्बन्धीत काममा अनुभवी र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।

सम्पर्क :
**S.B.Sales & Suppliers**
बर्दिवास-१, महोत्तरी
मो.नं.- ९८२३४९१९२१, ९८४४३६१५८८



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

# शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी
044-550255


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री